## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१३८

आज मिति २०८३/०२/११ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | ज्ञानु |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: १३८ मिति: २०८३/०२/११

<u>प्रस्तावहरु:</u>

१. दिगो विकास लक्ष्य स्थानीयकरण कार्यविधि तथा सूचक,२०८२ को प्रतिवेदन अनुमोदन सम्बन्धमा।
२. उत्तरगया गाउँपालिकाको वृत्तचित्र अनुमोदन सम्बन्धमा ।
३. आर्थिक सहायता कार्यविधि सम्बन्धमा।
४. शाखागत रुपमा कार्यक्रम माग गर्ने सम्बन्धमा।
५. रकम उपलब्ध गराउने सम्बन्धमा।

<u>निर्णयहरु</u>

१. स्थानीय तहको कार्यक्रमलाई निर्धारण गरिएको दीगो विकास लक्ष्यसँग तादम्यता राखी त्यसको मापनको लागि सूचकहरुको पहिचान गर्न, दीगो विकास लक्ष्य स्थानीयकरण कार्यविधि तथा सूचक, २०८२ अनुमोदन गर्ने निर्णय गरियो।
२. उत्तरगया गाउँपालिकाको धार्मिक, साँस्कृतिक, सामाजिक तथा प्रशासनिक विशेषताहरुलाई समेटेर तयार पारिएको उत्तरगया गाउँपालिकाको वृत्तचित्र अनुमोदन गर्ने निर्णय गरियो।
३. लोक कल्याणकारी राज्यको अवधारणा अनुरूप आर्थिक रूपमा विपन्न, निरपेक्ष गरिबीको रेखामुनि रहेका दीर्घ रोगी, क्यान्सर पीडित तथा विशेष परिस्थितिमा रहेका नागरिकलाई आवश्यक आर्थिक सहायता उपलब्ध गराई सामाजिक सुरक्षा तथा राहत व्यवस्थालाई प्रभावकारी बनाउन उत्तरगया गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८३ पारित गर्ने निर्णय गरियो।
४. आर्थिक वर्ष २०८३/०८४ को लागि शाखागत रुपमा कार्यान्वयन गर्न आवश्यकता महसुस भएका वार्षिक कार्यक्रम शाखागत रुपमा पहिचान गरी मिति २०८३/०२/१९ गते भित्र प्रस्तावित कार्यक्रमको बजेट र कार्यक्रम कार्यान्वयन योजना सहितको खाका तयार गर्न प्रत्येक शाखालाई अनुरोध गर्ने निर्णय गरियो।
५. बागमती प्रदेश खेलकुद विकास परिषद् र नेपाल पर्यटन बोर्डको आर्थिक सहयोग एवं रसुवा र नुवाकोट जिल्लाका पर्यटन व्यवसायीहरुको साझा संस्था रसुवा नुवाकोट पर्यटन समाजलाई लाङटाङ ट्रेल रन,२०८३ आयोजना गर्नका लागि विविध शीर्षकबाट रु.५०,०००/-(अक्षरेपी पचास हजार रुपैंया मात्र) उपलब्ध गराउने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत